# जनताको सेवामा नेपाली सेना - विनाशकारी भूकम्प, २०७२

(२०७२ असार मसान्त सम्मको तथ्याङ्कमा आधारित)

२०७२ बैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट सृजित अवस्थालाई सामना गर्न नेपाली सेनाका सकल दर्जा तत्काल परिचालित भई खोज र उद्धार कार्यमा सम्मिलित भएका थिए । नेपाल सरकारको निर्देशन अनुरुप नेपाली सेना अन्य सुरक्षा निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरु, मित्रराष्ट्रका सैनिक टुकडीहरु, हरेक तह र तप्काका नेपाली स्वयंसेवीहरुसंग काँधमा काँध मिलाउँदै दुख:मा परेका जनताहरुको सेवामा अहोरात्र समर्पित रहेको थियो ।

## प्रभावित क्षेत्रमा व्यापक रुपमा फौज परिचालन



शुरुमा ९० प्रतिशत फौज परिचालित । ६६,०६९ फौज प्रभावित क्षेत्रमा अहोरात्र कार्यरत । १४ अति प्रभावित जिल्लामा मात्रै कूल ५०४ स्थानमा ५२,८७० जना फौज तैनाथ ।

हरेक स्थानमा तैनाथ भएको फौजबाट लगातारुपमा क्षतिको खबर प्राप्त गर्ने, जनतालाई मेडिकल सेवा उपलब्ध गराउने, राहत वितरण स्थान खडा गरी सुरक्षा दिने एवम् जनताको दैनिक सुख दु:खमा साथ दिने कार्य भइरहेको ।

## साहसिक उद्धारबाट प्राप्त पुनर्जीवन

भग्नावशेषबाट १,३३६ जनाको जिवितै उद्धार, प्रभावित ईलाकाबाट २३,५०४ जनाको खोज तथा उद्धार । नेपाली सेनाको हवाई साधनद्वारा मात्रै २,९२८ जनाको उद्धार । उच्च हिमाली क्षेत्र लाङटाङबाट मात्रै ८८१ नेपाली र ११८ विदेशीको हवाई उद्धार ।

धेरैजसो विदेशी CSSR Team नेपाल नआईपुगेको भूकम्प पश्चातको ७२ घण्टाभित्र हालसम्मको उद्धार मध्ये ४१५ उद्धार भइसकेको थियो ।

## जीवन रक्षाको लागि इमर्जेन्सी मेडिकल सहयोग

प्रभावित क्षेत्रका ८५,९५४ जना घाइते बिरामीको उपचार ।
हवाई साधनद्वारा उद्धार गरिएका प्राय: सबै घाईते र बिरामीको नेपाली सेनाबाट उपचार गरिएको ।

## जोखिमपूर्ण संरचनाहरु हटाउन सहयोग

काठमाण्डौ उपत्यकामा १,६३० प्रभावित अन्य जिल्लामा जम्मा ७६९२

## शोकाकुल परिवारजनका साथमा नेपाली सेना

१,७३१ जनाको शव झिकिएको ।
लाङटाङ हिमपहिरोबाट मात्रै हालसम्म १७७ जनाको शव झिकिएको । अझै खोजतलासको कार्य जारी ।

## अत्यावश्यकीय सेवा प्रदान

काठमाण्डौ उपत्यकाको ४५ सार्वजनिक स्थानमा १३ वटा पानी ट्यांकरद्वारा प्रतिदिन करिब २,७५,००० लि. लगातार खानेपानी वितरण भईरहेको ।
हालसम्म १,७३,५२,००० लि. वितरण भईसकेको ।

## क्षतिग्रस्त पुरातात्विक स्मारकहरुका भग्नावशेष व्यवस्थापन एवम् सुरक्षा

४१ वटा पुरातात्विक संरचनाहरुको कार्य समाप्त भईसकेको र 3 वटा संरचनामा कार्यहरु भइरहेको ।

## राहत कोषमा योगदान

सकल दर्जाहरुको मासिक तलबबाट एकमुष्ट जम्मा रु.२४,३६,०५,९८६।
(प्रधानमन्त्री राहतकोषमा प्रदान ।

## आफ्नै क्षतिको बाबजुद देश र जनता पहिलो प्राथमिकता

१२ जना सैनिकको दुखद निधन । १० अझै बेपता । ९९ जना घाइते । २७१ जना सैनिक परिवारका सदस्यको मृत्यु, २७९ घाइते । सकलदर्जाका १५,९०८ घर पूर्णरुपमा र ३,८८९ घर आंशिक क्षति ब्यारेक संरचनाहरुमध्ये ३४४ पूर्ण र ७६५ आंशिक क्षति

जंगी अड्डा सहित पुन: निर्माण गर्नुपर्ने ।

## राहत सामाग्री संकलन, भण्डारण, ढुवानी तथा वितरण



५,७०७ टन (२२६ टन हवाई साधनद्वारा) राहत वितरण ।
नेपाली सेनाको सम्पूर्ण साबुत हवाई साधन (अति बिशिष्ट ब्यक्तिको लागि प्रयोग गरिने हेलिकप्टर सहित) खोज, उद्धार एवम् राहत वितरणमा संलग्न ।

हवाई र जमिनि साधन उपलब्ध नभएको स्थानमा नेपाली सेनाका सकल दर्जाबाट डोको र बोरामा समेत राहत सामाग्री बोकेर प्रभावित जनताको घरदैलोसम्म पुऱ्याउने कार्य गरेको ।

## नेपालीहरुको पीडामा मित्रराष्ट्रहरुको उदाहरणीय साथ



सुरक्षा निकायहरुसंग लगातार समन्वयमा सहकार्य ।
नेपाली जनताको लागि विदेशी सैनिक मानवीय सहयोग अत्यन्त महत्वपूर्ण सावित ।
मित्रराष्ट्का सैनिक टिमहरुबाट १९ जनाको जिवितै उद्धार र १३५ शव झिकिएको ।
विदेशी २३ वटा हेलिकप्टरहरुद्वारा ३,४०३ जनाको उद्धार, ९६६ टन राहत वितरण ।
विदेशी मेडिकल टिमबाट २७,३९० जनाको उपचार ।

नेपाली सेना मित्रराष्ट्का सैनिकहरुले गरेको सेवाको मुक्तकण्ठले प्रंशसा गर्दछ ।

## दैनिक जनजीवन सामान्य गराउने पहल

करिब ४०,००० भन्दा बढी भूकम्प पीडित जनतालाई अस्थायी आश्रयस्थल प्रदान ।५१,६४६ जोखिमपूर्ण घर र भग्नावशेषबाट सार्वजनिक र व्यक्तिगत सम्पती निकालिएको ।१२,७५२ अस्थायी बासस्थानको निर्माण । आपतकालीन सैनिक मौज्दातबाट समेत २,७१८ पाल वितरण । ३९९ स्थानमा सडक संरचनाको मर्मत र पुनर्निर्माण ।

देशका महत्वपूर्ण व्यक्तित्वहरुलाई प्रभावित क्षेत्रमा भ्रमणको व्यवस्था गरी ती क्षेत्रका जनतासंग सरकारको नेतृत्वको उपस्थितीबाट जनताहरुलाई सान्त्वना प्रदान ।

**मानवीय सहयोगको लागि नेपाली सेना हरदम तयार ।**